# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ५)　　संख्याः ६　मितिः चैत्र ०८ गते २०७८

भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यपत्र सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत २०७८ आपतकालीनएवं जोखिमअवस्थामारहेका बालबालिकाहरुको संरक्षणका लागिबालमैत्री स्थानीयशासन(CFIG)गाँउपालिकासमिति र गाँउपालिकाबालअधिकार समितियशोधरा गाँउपालिकाबैदोलीकपिलवस्तु द्धारा स्थापनागरिएको बालकोष सञ्चालनकार्यविधि - २०७८

यशोधरा गाँउपालिकाभित्रकाआपतकालीनएवं जोखिमअवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहतवितरण र पारिवारिक पुर्नस्थापना गर्न तथाबालबालिकाको हकहितकोसंरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमाआर्थिक स्रोतको स्थापना गरी यस गाँउपालिकाका ८ओटै वडा समेटि गाँउपालिका स्तरीय संचालन गर्न बालकोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिमउक्त कोष संचालन गर्न देहायबमोजिमको कार्यविधितयार गरी स्थापना र संचालनकालागिस्वीकृत गरिएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम“बालकोषसंचालनकार्यविधि - २०७८” रहेको छ ।

ख) यो कार्यविधिगाँउकार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) “कोष”भन्नाले यस कार्यविधिको ३ नं. बुंदामाउल्लेख गरे बमोजिम स्थापनागरिएको८ओटै वडा समेटिगाँउपालिका स्तरीय बालकोष सम्झनुपर्दछ ।

ख) “गाँउकार्यपालिका”भन्नाले गाँउपालिका निर्णायकबोर्ड वैठक यशोधरा गाँउपालिका बैदौलीकपिलवस्तुलाई सम्झनु पर्दछ ।
ग) “आपतकालीनअवस्थाएवं जोखिमअवस्थामा रहेका बालबालिका”भन्नाले कार्यविधिको ९ नं. बुंदामाउल्लेखितबालबालिकालाई सम्झनुपर्दछ ।
घ) “संचालक समिति”भन्नाले कार्यविधिको ४ नं. बुंदामाउल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

३.कोषको स्थापनाः-
१)गाँउपालिकाको गाँउसभाबाट स्वीकृत भई बालबालिकाको लागिविनियोजित बजेटबाट जोखिमअवस्थामा रहेका वाआपतकालीनअवस्थामा रहेका गाँउपालिकाभित्रकाबालबालिकाको संरक्षण गर्न गाँउकार्यपालिकाले यस बालकोषको स्थापना गरेको छ ।
२) बालकोषमा देहायबमोजिमको रकमजम्माहुनेछ ।
क) गाँउपालिकाले८ओटै वडा समेटि गाँउपालिका स्तरीयकोषमाजम्मा गर्न पठाएको रकम,
ख) विभिन्न संघ-संस्थावा ब्यक्तिबाट सहयोग स्वरुपप्राप्तहुने रकम,
(ग) कोषलाई अन्यकुनै स्रोतबाट प्राप्तहुने रकम ।

४. संचालक समितिको गठनः-कोषको ब्यवस्थापन, सञ्चालनएवं स्रोतको खोजी गर्न देहाय
बमोजिमको ५ सदस्यि संचालक समिति रहनेछ ।
क) बालमैत्री स्थानियशासन(CFIG)गाँउसमितिकोअध्यक्ष--संयोजक
ख)बालमैत्री स्थानियशासन(CFIG) गाँउसम्पर्क व्यक्ति-सदस्य
ग) गाँउबालसमुह संजालको प्रतिनिधिअध्यक्ष -सदस्य

घ)गाँउबालअधिकार समितिका सदस्यहरुमध्येबाट शिक्षकप्रतिनिधी- सदस्य
ङ) बालमैत्री स्थानीयशासन(CFIG)गाँउ समितिकासदस्य सचिव-सदस्यसचिव

५.बालकोषसंचालक समितिको कामकर्तब्य र अधिकारः-संचालक समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिमहुनेछ :

क) आपतकालीनअवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहतवितरण गर्ने वापारिवारिक पुर्नमिलन गर्ने गराउने,

ख) सहयोगको आवश्यक्ता र उपलब्ध स्रोतको आधारमाप्रतिब्यक्ति बढिमा रु ५,००० सम्मसहयोग गर्ने तर जटिलप्रकृतिको अवस्थाको आधारमा रु५,०००। भन्दा बढि दिनमिल्ने ।

ग) बालमैत्री स्थानीयशासन(CFIG)गाँउसमितिले दिएकोउचितनिर्देशनपालना गर्ने

घ) प्रत्येक ६ महिनामाकार्यप्रगतिविवरण बालमैत्री स्थानीयशासनगाँउ समितिमा पेश गर्ने

ङ.) कोषकोआय-व्ययको विवरण अद्यावधिक गर्ने

च) कोषको बृद्धि गर्न उपयुक्तनितितथाकार्यक्रम र रचनात्मककार्यक्रमको तर्जुमा गर्ने,प्रत्येक बर्ष कोषमा रकमथप गर्ने ।

छ) आपतकालीनअवस्थाकाबालबालिकाको संरक्षणका लागिअन्यआवश्यककाम गर्ने,

ज) संचालक समितिले गरेको आय-व्ययको विवरण बालमैत्री स्थानीयशासनगाँउ समितिमा पेश गर्ने ।

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्थावाब्यक्तिको सम्मान गर्ने,विवरण अद्यावधिक गर्ने,

६.बालकोषसंचालक समितिले गर्न नहुने कामहरुः- संचालक समितिले देहायकाकाम गर्न
गराउनहुँदैन ।

क) कोषको रकमहिनामिनावा समितिकाकुनै सदस्यवाअन्यकुनै ब्यक्तिलाई लगानी गर्न।

(ख)तालिम,गोष्ठी वाअन्य साधारण कार्यक्रममा रकमखर्च गर्न ।

(घ) आपतकालीनअवस्थाकाबालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्यकार्यमा कोषको रकमखर्च गर्न ।

७. संचालक समितिको बैठकः- आपतकालीनअवस्थाकाबालबालिकाहरुको संरक्षणको लागिबालमैत्री स्थानीयशासनगाँउ समिति,बालमैत्री स्थानीयशासन वडा समिति,गाँउबालअधिकार समितितथा वडा बालअधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहायबमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमाआवश्यक्ताअनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिकाआधारमा निर्णय गर्नेछ र सहमतिनभएमाबहुमतले गरेको निर्णय मान्यहुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थानबालमैत्री स्थानीयशासनगाँउ सम्पर्क शाखामा रहनेछ

८.लेखा परिक्षणः- गाँउकार्यपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

९. आपतकालीनएवं जोखिमअवस्थाकाबालबालिकाअन्तर्गत देहायकाबालबालिका पर्दछनः-

१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

२) जोखिमपूर्ण निकृष्ट श्रममा संलग्न रहेका बालबालिका,

३) ऋणको कारणले बन्धकमा रहेकावा जबरजस्तीश्रममालगाई पिडित भएकाबालबालिका,

४) शारीरिक वामानसिकयातनावा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित बालबालिका,

५) दुर्घटनामा परेकावाप्राकृतिकवा दैवीप्रकोपमा परेका बालबालिका,

६) बाबु वाआमा कारागार वा हिरासतमा रहेको वाकुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएकाबालबालिका,

७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखनवाओसार पसारमा परेका बालबालिका,

८) हिंसाबाट प्रभावितएवं पिडित भएकाबालबालिका,

९) बाबुआमावाआफन्तजनको संरक्षणबाट बंचितभएकाबालबालिका,

१०)अपांङ्गताभएकाबालबालिका,

११) सुस्त मनस्थितिभएकाबालबालिका,

१२) अपहरण वाशरिर बन्धकमा परेका बालबालिका,

१३) सडक बालबालिका,

१४) एच. आई. भि. एड्स संक्रमितभएकाबालबालिका,

१५) अन्यबिशेष संरक्षणको आवश्यकता भै गाँउबालअधिकार समितिले तोकेका बालबालिका

१०.निवेदनदिन सक्नेः-

यस कार्यविधिको ९ नं. बुदामाउल्लेख गरिएकाबालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि सम्बन्धित वडा कार्यालयकोसिफारिस सहितआफ्नो परिचयखुल्ने गरीबालमैत्री स्थानीयशासन वडा समिति,वडाबालअधिकार समिति,बालमैत्री स्थानीयशासनगाँउसमिति,गाँउबालअधिकार समितिमाबालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदनदिन सक्नेछ ।

११. खाताको सञ्चालन :-

बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यताप्राप्त“क”वा“ख” बर्गाको बैकमाखाताखोलीजम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममाचल्तिवा बचत दुबै प्रकारको

खातामाखोल्न सकिनेछ साथै सञ्चालक समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

१२. अन्यखर्चः- कोषको संचालक समितिलेआवश्यक ठानेका मसलन्दखर्च तथा बालउद्धार गर्ने क्रममाहुने यातायातखर्च गर्न सक्नेछ ।

१३. कोष खारेज हुन सक्ने अवस्था :- कुनै कारणबस कोष सञ्चालन गर्ने आवश्यकनभएमाप्रयाप्त कारणहरु सहित सञ्चालक समिति,बालमैत्री स्थानियशासनगाँउसमितितथागाँउबालअधिकारसमितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकमगाँउबालअधिकार समितिको अगुवाईमाबालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

आज्ञाले,

नामः तेज बहादुर सिंह

प्रमुख प्रशासकीय अधिकृत